# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मुना, म्याग्दी,
स्था : २०७३

पत्र संख्या : २०८२/०८३
चलानी नं. : २४२

गण्डकी प्रदेश, नेपाल

मिति : २०८२/०७/१६
११४६ कछलाँथ्व एकादशी

**विषय : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने सम्बन्धमा ।**

**श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै,**
**धवलागिरी गाउँपालिका, म्याग्दी ।**

प्रस्तुत विषयमा धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२ कार्तिक १६ गतेको निर्णयानुसार मिति २०८२/०७/२३ देखि २५ गते सम्म श्री ताकम माध्यमिक विद्यालय धवलागिरी गाउँपालिका – ७, ताकमको खेल मैदानमा **'छैठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०८२'** सञ्चालन हुने हुदाँ तहाँ विद्यालयबाट निम्न विधाका खेलहरुमा खेलाडी सहभागी गराउनुहुन अनुरोध छ । खेल, खेलाडी, नियम र पुरस्कार सम्बन्धी जानकारी तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल :**

**I. खेलकुदका विधा तथा प्रतियोगिताहरु**

| क्र.स | विद्या | खेल | छात्र | छात्रा |
|---|---|---|---|---|
| १ | भलिबल | भलिबल | भलिबल छात्र | भलिबल छात्रा |

| | | | | |
|---|---|---|---|---|
| २ | एथलेटिक्स | | | |
| (क) दौड (ट्रयाक) तर्फ | | | | |
| | १ | १०० मिटर | छात्र | छात्रा |
| | २ | २०० मिटर | छात्र | छात्रा |
| | ३ | ४०० मिटर | छात्र | छात्रा |
| | ४ | ८०० मिटर | छात्र | छात्रा |
| | ५ | १५०० मीटर | छात्र | छात्रा |

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मुना, म्याग्दी,
स्था : २०७३

पत्र संख्या : २०८२/०८३
चलानी नं. :

गण्डकी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | ६ | ३००० मिटर | छात्र | छात्रा |
| | ७ | ४ x १०० मिटर रिले | छात्र | छात्रा |
| | ८ | ४ x ४०० मिटर रिले | छात्र | छात्रा |
| ख) उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ | | | | |
| | १ | हाईजम्प | छात्र | छात्रा |
| | २ | लङजम्प | छात्र | छात्रा |
| | ३ | त्रिपलजम्प | छात्र | छात्रा |
| | ४ | ज्याभलिन थ्रो | छात्र ८०० ग्राम | छात्रा ६०० ग्राम |
| | ५ | शटपुट | छात्र १२ पाउण्ड | छात्रा ८ पाउण्ड |

**II. खेलकुद प्रतियोगितामा सहभागी हुने विद्यार्थी र विद्यालय सम्बन्धी विशेष जानकारी एवम् नियमहरु :**

१. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, २०८२ कार्तिक २३ देखि २५ गते सम्म ताकम माध्यमिक विद्यालय, धवलागिरी गाँपालिका – ७, ताकमको खेल मैदानमा सञ्चालन हुनेछ।

२. सहभागी विद्यालयले सहभागी हुने खेल विधा र खेलाडीहरुको नाम संलग्न अनुसूची -१ बमोजिमको फारम र समष्टिगत विवरण संलग्न ढाँचामा खेलाडी विद्यार्थीबाट भराई मिति २०८१/०७/२१ गते दिउँसो ४ बजे भित्र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगतिको सचिवालयमा दर्ता गरीसक्नु पर्नेछ। फारम हरेक विद्यार्थीको छुट्टा छुट्टै फारममा भर्नु पर्नेछ। कुनै विद्यार्थी एक भन्दा बढी खेलमा सहभागि हुने भएमा सोहि अनुसार छुट्टाछुटै फारम भरी पेश गर्नुपर्नेछ। विद्यार्थीको जन्मदर्ता वा जन्ममिति खुल्ने आधिकारिक कागजात अनिवार्य पेश गर्नुपर्नेछ। भलिबल खेल र एथलेटिक्स खेलको फारमहरु छुट्टै फाइलमा बुझाउनु पर्नेछ। भलिबल खेलमा बढीमा ९ जना खेलाडी सहभागी गराउनु पर्नेछ।

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मुना, म्याग्दी,
स्था : २०७३

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या : २०८२/०८३
चलानी नं. :

३. चालु शैक्षिक सत्रमा माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत, साथै विद्यालयको इमिस (EMIS) को रेकर्ड अनुसार १८ वर्ष भन्दा मुनिका छात्र / छात्राहरु मात्र यो खेलकुद प्रतियोगितामा सहभागी हुन पाउने छन्। (मिति २०६४/०७/२२ को वा सो भन्दा पछाडिको जन्म मितिका खेलाडि वैद्य मानिने छ)।

४. विद्यालयको इमिस (EMIS) को रेकर्डमा नभएका गैर विद्यार्थी तथा १८ वर्ष भन्दा बढी उमेर समूहका विद्यार्थीले यो प्रतियोगितामा भाग लिन पाउने छैनन्।

५. प्रतियोगितामा भलिबल खेलमा छुट्टै एक टिम र एथलेटिक्स इभेन्ट्समा प्रत्येक खेलाडिले बढिमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाक इभेन्टमा भाग लिन पाउने छन्। रिले दौड र ३००० मिटर दौडलाई यो नियम लागु हुने छैन। भलिबल खेलका खेलाडी अन्य कुनै पनि खेलमा सहभागी गराउन पाइने छैन।

६. अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भई सकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराईने छैन ।

७. गैर विद्यार्थी तथा उमेरको सन्दर्भमा दावी विरोध पर्न गई प्रमाणित भएमा सहभागी खेलाडी , विद्यालय र प्रधानाध्यापकलाई आयोजकले नियम अनुसार उचित अनुशासनको कारवाही गर्न सक्ने छ।

८. प्रतियोगितामा सहभागी हुनाका लागि सहभागी खेलाडीहरुले अनुसूची -१ को फाराममा पूरै विवरण खुल्ने गरी प्रधानाध्यापकको नाम , हस्ताक्षर, विद्यालयको छाप र मिति सहित जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। साथै खेल पोशाक अनिवार्य गरिएको छ।

९. सहभागी विद्यालयले विद्यालयको झण्डा समितिमा बुझाउनु पर्नेछ। सहभागी विद्यालयहरुले उद्घाटनको समयमा झण्डा र पोसाकमा मार्चपास प्रदर्शन गर्नु पर्ने छ। आयोजकले झण्डा पछि फिर्ता गर्ने छ।

१०. मापदण्ड विपरितका खेलाडीको विविध पक्षको वैधता माथि उजुरी गर्नु परेमा सम्वन्धित खेलमा भाग लिएर पदक प्राप्त गरेको समय समेत उल्लेख गरी ३० मिनेट भित्रमा समूह खेलको हकमा नगद रु ३,०००/- (अक्षरुपी तीन हजार रुपैँया मात्र) र अन्य खेल इभेन्टस्को हकमा रु. १,०००/-(अक्षरुपी एक हजार रुपैँया मात्र) धरौटी सहित आयोजक समक्ष दावि विरोध गर्न सक्नेछ तर पहिलो चरण पार गरिसकेपछि दावि विरोध मान्य हुने छैन। आयोजकको छानविन बाट दोषी ठहरिएमा उक्त खेलाडिको पदक खोसिने र निकटम प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिनेछ। मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालयलाई आयोजक समितिले अनुशासनको कारवाही स्वरुप बाँकी सबै इभेन्ट्समा सहभागी गराईने छैन। तर दावि विरोध पुष्टी हुन नसकेमा धरौटी रकम जफत हुनेछ।

१२. आयोजकले तयार पारेको परिचय -पत्र आयोजना अवधिभर सबैसँग सुरक्षित हुनु पर्नेछ।

१३. खेल भावना विपरित अवान्छित गतिविधि गरेको पाईएमा खेलाडी र विद्यालयलाई आयोजक समितिलाई उचित लागेमा अनुशासनको कारवाही गर्ने वा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

१४. खेलाडीले जन्म दर्ता प्रमाण पत्र र जिल्ला /गाउँ पालिका स्तरीय कक्षा ८ को मार्कसिट / ग्रेडसिट साथमै राखिरहनु पर्नेछ। यदि विवाद भएको खण्डमा आयोजकलाई उपलब्ध गराउनु पर्नेछ।

१५. प्रतियोगिताका नियम सम्बन्धी थप जानकारीको लागि (www.moys.gov.np) मा लगईन गरी हेर्न सकिने छ। र प्रतियोगिता **"राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७०"** (पाँचौ संशोधन – २०८०/०८/११) बमोजिम सञ्चालन हुनेछ।

१६. कार्यविधि, अनुसूची र पत्रमा प्रष्ट नभएका खेल सम्बन्धी जटिलताहरुमाथि आयोजकको निर्णय नै अन्तिम हुनेछ।

**III.पुरस्कार सम्बन्धी विवरण :**

| शीर्षक | प्रथम पुरस्कार | द्वितीय पुरस्कार | तृतीय पुरस्कार | कैफियत |
|---|---|---|---|---|
| राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ६०,०००/- | ४०,०००/- | ३०,०००/- | |
| उत्कृष्ट खेलाडी (भलिवल छात्र) | १,०००/- | | | |
| उत्कृष्ट खेलाडी (भलिवल छात्रा) | १,०००/- | | | |
| उत्कृष्ट मार्च पास | १०,०००/- | | | |
| प्रत्येक खेलमा स्वर्ण पदक प्राप्त गर्ने खेलाडी | १,०००/- | | | |

- पुरस्कारमा नियमानुसार कर कट्टी गरिनेछ।
- प्रतियोगितामा सहभागी विद्यालयलाई सहभागी खेल र खेलाडी संख्याका आधारमा आवास सुविधा दुरीका आधारमा यातायात खर्च वापत अधिकतम रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैँया मात्र) उपलब्ध गराइनेछ। सो रकमबाट यातायात, खाना तथा आवासको व्यवस्था विद्यालयलेनै गर्नुपर्नेछ।

**थप जानकारीको लागि :**

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०८२ सञ्चालन समिति
प्रेम प्रसाद पुन (संयोजक/गाउँपालिका अध्यक्ष) : ९८५७६५८६४६
विष्णु प्रसाद शर्मा (प्रमुख प्रशासकीय अधिकृत) : ९८५७६७५९८७
ख्यामराज सुबेदी (प्रमुख, शिक्षा, युवा तथा खेलकूद शाखा) : ९८५७६६४१११

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत